**Citizens** Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**Citizens Bank International Limited**
Narayanhiti Path, Kathmandu, Nepal
Tel: +977-1-4427842, 4427843, 4427824
Fax: +977-1-4427044, P.O.Box: 19681
E-mail: info@ctznbank.com
URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

Ref:-CBIL/COM/078/79-284 मिति:–२०७८/०७/२३

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार, काठमाण्डौं ।

**बिषय :– जानकारी गराएको सम्वन्धमा ।**

महाशय,

उपरोक्त विषयमा यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पन्धौं वार्षिक साधारण सभा मिति २०७८/०७/१६ गते मंगलबारको दिन सम्पन्न भएको र सो सभा सम्वन्धी कागजातहरु त्यस कार्यालयको जानकारीको लागि यसै पत्र साथ पठाईएको व्यहोरा अवगत गराउदछौं ।

**संलग्न कागजातहरु :**
१) पन्धौं साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपी
२) पन्धौं वार्षिक प्रतिवेदन ।

भवदीय,

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले
तिनाउ मिसन विकास बैंक लिमिटेड तथा सिर्जना फाईनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## पन्ध्रौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभाको सूचना मिति २०७८/०६/२५ गते बसेको सञ्चालक समितिको ३८० औ बैठकले निर्णय गरे अनुसार मिति २०७८/०६/२६ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०७८/०७/०३ को हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिक पत्रिकामा स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई Webinar मार्फत पनि सञ्चालन हुने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको थियो । सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत सो सूचना प्रकाशित गरिएको थियो ।

१. **सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०७८ साल कार्त्तिक महिना १६ गते (तद्अनुसार २ नोभेम्वर, २०२१) मंगलबार
स्थान :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौं ।
सञ्चालन विधि :- विद्युतीय माध्यम (Webinar) र भौतिक रुपमा एकसाथ सञ्चालन गर्ने ।
सभा सुरु हुने समय :- साँझ ४.०० बजे ।

(कोभिड-१९ संक्रमणको जोखिम अझै पनि कायमै रहेको अवस्थालाई दृष्टिगत गरी स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको परिपालना गर्दै सभा सम्पन्न गर्नु पर्ने विशेष परिस्थितिका कारण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि Webinar को पनि व्यवस्था गरिएको ।)

३. **छलफलका विषयहरु :**

क. **साधारण प्रस्तावहरु**

१. आ.व. २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिवाट प्रस्ताव गरे अनुसार ३.०८७ प्रतिशतका दरले हुन आउने रु. ३८,८२,५६,८०७.२४/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन,

२०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको नियमावली अनुसार समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २(दुई) को निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार १२.९१३ प्रतिशतका दरले हुन आउने रु.१,६२,४०,५०,८९१.१०/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्वन्धमा ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन वमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी (भर्चुअल (ZOOM) माध्यमबाट) | अध्यक्ष |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ४. | श्री सीता कार्की (के.सी.) | सञ्चालक |
| ५. | श्री प्रवल जंग पाण्डे | सञ्चालक |
| ६. | श्री सजन शर्मा (भर्चुअल (ZOOM) माध्यमबाट) | सञ्चालक |
| ७. | श्री अनिल कुमार ज्ञवाली (भर्चुअल (ZOOM) माध्यमबाट) | सञ्चालक |

४.२ उपस्थित अन्य पदाधिकारी :

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुमित बाबु खत्री | बरिष्ठ नायव-प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री पारस कुमार काफ्ले | नायव प्रमुख-कार्यकारी अधिकृत |
| ४. | श्री राजेन्द्र लाल श्रेष्ठ | नायव-प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव/सूचना अधिकारी |
| ५. | श्री रामधन श्रेष्ठ | सहायक-प्रमुख कार्यकारी अधिकृत/आन्तरिक लेखा परिक्षण विभाग |
| ६. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |
| ७. | श्री रवि कुमार रौनियार | प्रमुख अनुपालन अधिकृत |
| ८. | श्री सुमन मुलेपति | प्रमुख कर्जा अधिकृत |
| ९. | श्री नारायण राज अधिकारी | प्रमुख प्रशासकिय अधिकृत/प्रवक्ता/गुनासो सुन्ने अधिकारी |
| १०. | श्री अमित खनाल | प्रमुख जोखिम अधिकारी |
| ११. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |

४.३ शेयरधनीहरुको उपस्थिति :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | १९९ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | ४११ |
| ३ | Webinar मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | २६४ |
| | **जम्मा** | ८७४ |

## ५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| **विवरण** | **कूल संख्या** | **जम्मा उपस्थिति** | **कूल शेयरको प्रतिनिधित्व** |
|---|---|---|---|
| शेयरधनी संख्या | १,७६,३४७ | ८७४ | ५१.५० प्रतिशत |
| सस्थापक समूह "क" | १,५२७ | २२० | ३८.१५ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,७४,८२० | ६५४ | १३.३५ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | १२,५७,६९,२३१.१४ | | १००.०० प्रतिशत |

## ६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या १९९ जना, Webinar मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या २६४ जना तथा प्रोक्सी मार्फत ४११ जना गरि कुल शेयरधनी ८७४ जना कुल शेयर

कित्ता मध्ये शेयर कित्ता ६,४७,७१,१५४.०३ उपस्थित भई ५१.५० प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात् काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार तथा Webinar मार्फत एकैसाथ सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा बैंकको पन्ध्रौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका र Webinar मार्फत उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

**७. साधारण सभाको प्रस्तुती :**

७.१. सभाका सभापति ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचीका सम्वन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापति ज्यूले बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :**

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री अमृत नाथ रेग्मी
२. श्री उदयकान्त झा
३. श्री कुवेर श्रेष्ठ
४. श्री शत्रुधन श्रेष्ठ
५. श्री उद्धव प्रसाद घिमिरे
६. श्री लेखनाथ काफ्ले
७. अधिवक्ता श्री अशोक उप्रेती
८. श्री शिव प्रसाद पौडेल
९. श्री चन्द्र नारायण श्रेष्ठ
१०. श्री कृष्ण प्रसाद अधिकारी कस्यप
११. श्री लवराज जोशी
१२. श्री डमरु बल्लभ घिमिरे



CITIZENS BANK INTERNATIONAL LTD. Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

८.३ छलफलमा सहभागी मध्ये सभामा स्वयम् उपस्थित भई सुझाव राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. श्री कुवेर श्रेष्ठ
२. श्री शत्रुधन श्रेष्ठ
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री लेखनाथ काफ्ले
५. अधिवक्ता श्री अशोक उप्रेती
६. श्री कृष्ण प्रसाद अधिकारी कस्यप
७. श्री लवराज जोशी
८. श्री चन्द्र नारायण श्रेष्ठ

८.४ छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री अमृत नाथ रेग्मी
२. श्री उदयकान्त झा
३. श्री शिव प्रसाद पौडेल
४. श्री डमरु बल्लभ घिमिरे

**९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै तथा Webinar मार्फत उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**१. <u>श्री अमृतनाथ रेग्मी</u>**

श्री अमृतनाथ रेग्मीले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तव्य दिने क्रममा अध्यक्ष ज्यूले बैंकको सर्म्पुण वित्तीय अवस्थाको वारेमा स्पष्ट रुपमा उल्लेख गनूभएको कुरा व्यक्त गर्दै अगामी दिनमा बैंकले आफू भन्दा साना "ख" र "ग" श्रेणीका वित्तीय संस्था मात्र नभई ठूलो आकारको वित्तीय संस्थासँग मर्जर गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले आफ्नो मन्तव्यको क्रममा शेयर होल्डरको Fund १९ अर्बलाई ५० अर्ब भन्दा माथी पुगे मात्र हामी पनि First Layer मा पुग्न सक्छौं भन्दै Wave length तथा Business Structure मिल्ने संस्थाहरुसँग जाँदा राम्रो हुने कुरा व्यक्त गर्नुभयो । त्यसैगरी बैंकको Balance Sheet को Size ५० अर्बको रहनुपर्ने आजको आवश्यकता औंल्याउँदै खुद मुनाफा ६ अर्ब गर्नसके राम्रो हुने आफ्नो विचार व्यक्त गर्नुभयो । उहाँले बैंकले १६/१७ वर्षको अवधिमा गरेको प्रगती राम्रो रहेको कुरा व्यक्त गर्दै अब बैंक Rolling Stage मा नरहेको र Take off को Stage मा जानुपर्ने सुझाव दिंदै आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतीको कामना व्यक्त गर्नुभयो ।

**२. <u>श्री उदयकान्त झा</u>**

श्री झा ज्यूले भर्चुअल माध्ययमबाट आफ्नो मन्तव्य राख्ने क्रममा बैंकले १६ प्रतिशतले लाभांश दिन सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले सधै प्राप्ति गरेर मात्र व्यवसाय नबढ्ने कुरा उल्लेख गर्दै आगामी वर्ष अझ मेहनत गरी लाभाशं १६ प्रतिशत भन्दा कम नहोस् भन्ने तर्फ जोड दिनुभयो । उहाँले बैंकलाई सुझाव दिने क्रममा कुल निक्षेपमा बचत निक्षेपको आकार बढाउनुपर्नेमा जोड दिंदै नियमित रहेको निक्षेप दर भन्दा बढि

तर मुद्धती भन्दा कम रहने सेभिङ प्रोडक्टहरु ल्याउँदा cost of fund पनि कम पर्न जाने र बैंकलाई पनि फाइदा हुने कुरा व्यक्त गर्नुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा पूँजीतर्फ समग्र बैंकिङ्ग क्षेत्रमा सातौं नम्बरमा रहे तापनि Basic EPS तर्फ १८ औं नम्बरमा भएको कुरा सन्तोषजनक नदेखिएकोले त्यसतर्फ विचार गर्न जोड गर्नुभयो । त्यसै गरी सहयोगी विकास बैंकलाई प्राप्ति पश्चात केहि व्यवसाय घटेको तर्फ ध्यानाकर्षण गराउदै आगामी दिनमा १६ प्रतिशत भन्दा कम लाभाशं नहुने गरी लाभांस घोषणा गर्न अनुरोध गर्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

## ३ श्री कुवेर श्रेष्ठ

श्री श्रेष्ठ ज्यूले अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको Digital Banking योजनाको प्रशंसा गर्दै हाल देशमा देखा परेको कोरोना महामारी, राजनीतिक असहजता, सम्पूर्ण व्यवसायहरु स्थिर रहेको अवस्थामा पनि यतिको नाफा दिएको कुरा मनन् योग्य रहेको कुरा व्यक्त गर्नुभयो । यस बैंकले आफ्नो १५ औं वर्षमा समेत सँगै खुलेका अन्य बैंकको तुलनामा राम्रो रहेको कुरा उल्लेख गर्दै आगामी वर्षमा १६% नघट्ने गरी अहिलेदेखि नै योजना बनाउनको लागि आग्रह गर्नुभयो । बैंकले गरेको प्रगतिमा कर्मचारीहरुको अथक मेहनत रहेको हुँदा कर्मचारीहरुको वृत्ति बिकासमा सहयोग पुग्ने हिसावले कार्य गर्न अनुरोध गर्नुभयो । उहाँले मन्तव्यको क्रममा हाल समग्र बैंकिङ्ग क्षेत्रमा Security Threat बढेको कुरा उल्लेख गर्दै यस बैंकमा उक्त प्रकारका Threat (चुनौती) नआवस भन्ने कामना व्यक्त गर्नुभयो ।

यस्तै Loan Loss Provission अघिल्लो वर्षको भन्दा यस बर्ष बढेको तर्फ इङ्गित गर्दै यसरी बढ्नु राम्रो नहुने भन्दै अर्को वर्ष घटाउन आग्रह गर्दै असूल हुन बाँकी कर्जा कसरी उठ्छ भन्ने जिज्ञासा राख्नुभयो । उहाँले आफ्नो सम्बोधनको क्रममा पानामा पेपर्स तथा Paradise Papers को सन्दर्भ उल्लेख गर्दै त्यसमा संलग्न भएका नेपालीहरु को, को छन् पत्ता लगाई त्यस्तै प्रकारका कार्यमा संलग्न व्यक्तिहरुको पहिचान गरी तिनीहरुसँग सजग रहन आग्रह गर्नुभयो । उहाँले हाईड्रो पावरमा लगानी गर्दा विस्तृत अध्ययन गरी लगानी गर्न आग्रह गर्दै बैंकले २ वर्षको Mission तथा Vission बनाउनुपर्ने तर्फ जोड दिनुभयो ।

त्यस्तै East is East, West is West, Citizen is Best भन्ने कुरालाई उल्लेख गर्दै आगामी वर्ष २५% सम्मको व्यवसाय विस्तारको अपेक्षा सहित शुभ दिपावलीको शुभकामना व्यक्त गर्नुभयो ।

## ४. श्री शत्रुघन श्रेष्ठ

श्री श्रेष्ठ ज्यूले आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन अनुसार १२.९१३ प्रतिशत बोनस शेयर तथा ३.०८७ प्रतिशत नगद लाभाशं गरी गत वर्ष भन्दा झण्डै दोब्बर जम्मा १६ प्रतिशत लाभाशं विवरण गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकले स्थानीय निकायहरुमा शाखा खोल्दा सुरक्षाका दृष्टिकोणले उपयुक्त हुने, जनघनत्व बढि भएको, औद्योगिक क्षेत्र बढि भएको क्षेत्रमा खोल्दा बैंकलाई मुनाफामा वृद्धि हुने कुरा व्यक्त गर्दै त्यस तर्फ ध्यान दिन सुझाव दिनुभयो ।

उहाँले जलविद्युत क्षेत्रमा मात्र नभई कृषि क्षेत्रमा पनि लगानी ध्यान दिन जोड दिदै निस्कृय कर्जा बढेको सन्दर्भमा उक्त निस्कृय कर्जा कम गर्न आग्रह गर्नुभयो ।

उहाँले सुझाव दिने क्रममा त्रिभुवन विश्वविद्यालय परिसरमा ATM Machine Extension Counter राख्नुपर्ने भन्दै पढाइमा इमान्दार, अब्बल रहेका विद्यार्थीहरुलाई Internship मा राख्दा बैंकलाई राम्रो हुने उल्लेख गर्दै नियमक निकायले दिएका निर्देशन पालना गर्दै आगामी वर्ष २० प्रतिशतको लाभाशंको अपेक्षा सहित आउदै गरेको दिपावली, नेपाल सम्वत तथा छठको शुभकामना व्यक्त गर्नुभयो ।

५. **श्री उद्धव प्रसाद घिमिरे**

श्री घिमिरे ज्यूले आफ्नो मन्तव्यको क्रममा बैंकको Balance Sheet को आकार, बैंकको Performance राम्रो रहेको भन्दै वार्षिक साधारणसभा चाँडो सम्पन्न गरेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले अरु बैंकको तुलनामा Foreign Income कम रहेको उल्लेख गर्दै उक्त Income बढाउन ध्यानाकर्षण गराउनु भयो । उहाँले Merger & Aquisition गरे पनि यस बैंकले Brand Merger नजाने उल्लेख गर्दै भोलिको दिनमा Balance Sheet अझ राम्रो आउने अपेक्षा सहित सिटिजन्स बैंकको Performance आगामी दिनमा अझ राम्रो भएको हेर्न पाईयोस् भन्दै व्यवस्थापन समूहलाई धन्यवाद दिँदै सिटिजन्स बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

६. **श्री लेखनाथ काफ्ले**

उहाँले अभिवादन व्यक्त गर्दै बैंकको वित्तीय परिसूचकहरु पहिलेको तुलनामा अहिले धेरै राम्रो भएको उल्लेख गर्दै बैंकले IPO भर्दा लिने शुल्क नलाग्ने वनाउनुपर्ने तर्फ जोड दिनुभयो । बैंकले घोषणा गरेको १६ प्रतिशत लाभांश राम्रो एवं उत्साहप्रद रहेकोले बैंकको अझ प्रगतिको कामना सहित आउदै गरेको शुभ दिपावली, नेपाल सम्वत् र छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

७. **श्री अधिवक्ता अशोक उप्रेती**

श्री उप्रेती ज्यूले आफ्नो मन्तव्यको कममा बैंकलाई यो स्थान सम्म पुऱ्याउनु भएकोमा बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिवलाई धन्यवाद व्यक्त गर्दै बैंकले प्रदान गर्दै आएको घर कर्जामा Home Insurance को प्रावधान राख्न संभावना कत्तिको छ बुझ्न आग्रह गर्नुभयो । त्यसैगरी बैंकलाई हालको अवस्थासम्म ल्याउन कर्मचारीहरुको योगदान रहेको कुरा उल्लेख गर्दै ऊनीहरुको वृत्ति विकासमा ध्यान दिन अनुरोध गर्नूभयो । वैंकले मर्जर गर्दा होसियार हुनुपर्ने भन्दै बैंकको प्रचार प्रसारमा Media को पनि हात रहने हुँदा त्यसतर्फ ध्यान दिन अनुरोध गर्दै उहाँले बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

८. **श्री शिव पौडेल**

श्री पौडेल ज्यूले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तब्य दिने कममा बजारमा जताततै सिटिजन्स बैंकको छाप भएको भन्दै धन्यवाद दिनुभयो । वार्षिक साधरण सभा अरु बैंकभन्दा पहिला नै भएकोमा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्यूलाई मुक्तकण्ठले धन्यवाद व्यक्त गर्नुभयो । उहाँले विराटनगर, रौतहटतिर कर्मचारीहरुको प्रमोसन भएन भनेर गुनासो आएको बताउनु भयो । भल्टमा पैसा भएको, नभएको छड्के चेकजाँच गर्ने साथै गल्ती गर्ने कर्मचारीलाई सजाय गर्नुपर्ने र राम्रा काम गर्ने कर्मचारीलाई पुरस्कृत गरी काम गर्न प्रोत्साहित गर्नुपर्ने कुरा बताउनु भयो । बैंकबाट राम्रा कर्मचारीहरुको पलायन भयो भन्ने

जनगुनासो आएकोले यस्तो स्थितीमा बैंक कसरी टप ३ मा जान सक्छ भनी बैंकको व्यवस्थापनसंग प्रश्न गर्नुहुदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य टुङ्याउनु भयो ।

९. **श्री चन्द्र नारायण श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले आफ्नो मन्तव्यको क्रममा बैंकले १६ प्रतिशत लाभांश प्रस्ताव गरेकोमा खुशी व्यक्त गर्दै अहिलेको व्यवस्थापनले झनै राम्रो प्रगती गरेको उल्लेख गर्नुभयो । आगामी दिनमा बैंकको अझै उत्तरोत्तर प्रगतिको कामना सहित आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत् र छठको शुभकामना व्यक्त गर्नुभयो ।

१०. **श्री कृष्ण प्रसाद कास्यप अधिकारी**

श्री अधिकारी ज्यूले आफ्नो मन्तव्य दिने क्रममा बैंकले १६ प्रतिशत नगद लाभांश र बोनस शेयर बाढ्ने गरी समयमा नै साधारण सभा गरेर बैंकले आफ्नो पहिचान दर्शाएकोले बैंकका सम्पूर्ण कर्मचारी लगायत व्यवस्थापक समूह र सञ्चालक समितिलाई धन्यवाद दिनुभयो । आगामी वर्ष लाभांश २०% हुने अपेक्षा गर्नुभयो । त्यसैगरी उहाँले सुझाव दिने क्रममा बैंकमा रहेका महिला कर्मचारीको सङख्या ५०% पुऱ्याउने होकी भनि अनुरोध गर्नुभयो । बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख भएको लेखा परीक्षण रिपोर्ट नेपालीमा भए सबै शेयरधनीले बुझ्ने थिए भन्दै उहाँले बैंकले आफ्नो वार्षिक प्रतिवेदन संञ्चालक समितिको बैठक सम्वन्धी सम्पूर्ण विवरण खुलाई पारदर्शी हुन प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराउनु हुदै शुभ दिपावलीको अवसरमा सबैमा शुभकामना व्यक्त गर्नुभयो ।

११. **श्री लवराज जोशी**

श्री जोशी ज्यूले आफ्नो मन्तव्यको क्रममा बैंकले साधारणसभा गरेको समय शेयरधनीहरुको लागि उपयुक्त रहेको कुरा व्यक्त गर्नुभयो । त्यस्तै उहाँले विगत देखि नै Big Merger को कुरा उठिरहेको सन्दर्भमा यस बैंकले तिनाउ विकास बैंक, सिर्जना फाइनान्स जस्ता राम्रा वित्तीय संस्था प्राप्ति गरेको हुँदा निक्षेप, कर्जा र नाफामा उल्लेखनीय वृद्धी भएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

तिनाउ विकास बैंक तथा सिर्जना फाइनान्स प्राप्ति गरेकोले बैंकको व्यवसायमा राम्रो प्रभाव परेको भए तापनि शेयरधनीको तर्फबाट हेर्दा शेयर मूल्यको आधारमा उचित प्रतिफल नपाएको हो कि भन्ने गुनासो गर्नुभयो । उहाँले बैंकले प्रदान गर्ने Corporate loan मा भन्दा SME loan मा जोड दिनुपर्ने भन्दै नेपाल राष्ट्र बैंकले आफ्नो नीतिमा क्षणिक परिमार्जन गरेको कारणले पनि हामीले आशा गरे अनुरुपको प्रतिफल अझ नपाएको हो कि भन्ने धारणा व्यक्त गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत कर्सिया शाखा,मोरङ्गमा डाँकाहरुको सांघातिक आक्रमणबाट घाइते भएका आफ्ना कर्मचारीको आत्मबल बढाउन हस्पिटलमा नै पुगेर भेट गरेकोमा बैंकको Team Sprit झल्किएको कुरा व्यक्त गर्दै उन्नती प्रगतिको कामना सहित शुभ दिपावली, नेपाल सम्वत् र छठको शुभकामना व्यक्त गनुभयो ।

१२. **श्री डमरु बल्लभ घिमिरे**

श्री घिमिरे ज्यूले ZOOM मार्फत बैंकले ४:०० बजेको समय उपयुक्त भएको भन्दै अत्यन्तै खुसी व्यक्त गर्दै बैंकले दिएको १६ प्रतिशत लाभाशंको लागि मुरीमुरी धन्यवाद ज्ञापन गर्नुभयो । लामो इतिहास रहेका पुराना तथा सवल भनिएका बैंकहरुले भन्दा १५ वर्ष भएको यस बैंकले दिएको प्रतिफल बढि भएकोमा बधाई तथा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले सबै शेयरधनीहरुले पहिलो बैंकको हितमा सोच्ने अनिमात्र व्यक्तिगत हित सोच्नुपर्ने तर्फ संकेत गर्दै सभामा बोल्ने शेयरधनी महानुभावहरुले बैंकको समग्र वित्तीय अवस्थाको अध्ययन गरेर मात्र आफ्नो कुरा राख्दा राम्रो हुने कुरा व्यक्त गर्नुभयो । उहाँले आगामी वर्ष १६ प्रतिशत नघटाई लाभांश वितरण गर्न सुझाव दिदै आफ्नो भनाई टुङ्ग्याउनुभयो ।

**१०. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारी ज्यूले व्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :**

अध्यक्ष ज्यूले साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनुभएको जिज्ञासा उपर आफ्नो प्रतिउत्तर जवाफको दिने क्रममा सवै आदरणीय शेयरधनी महानुभावहरुबाट व्यक्त सुझावहरु अत्यन्त रचनात्मक र सिर्जनात्मक रहेको उल्लेख गर्दै उक्त सुझावहरुलाई बैंकले ग्रहण गरी आगामी समयमा लागू गर्दै जानेतर्फ सभालाई आश्वस्त पार्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले उठाउनुभएको अर्को जिज्ञासाको रुपमा Big Merger को जुन सर्न्दभ उठाउनु भएको छ सो सर्न्दभमा बैंक अत्यन्त सजक र सचेतताका साथ अगाडी बढ्नेछ भन्नुहुदै Big Merger गएका अन्य बैंक तथा वित्तीय संस्थाहरुको मर्जर पश्चातको वित्तीय अवस्था तथा तत्पश्चात शेयरधनीले प्राप्त गरेको लाभांश दरलाई विश्लेषण गरी अगाडी बढ्नु पर्ने भन्दै सभा समक्ष ध्यान आकृष्ट गर्दै Big Merger को कारणले भएका फाइदा तथा बेफाइदाहरुको विस्तृत अध्ययन गरी अगाडी बढ्नुपर्ने राय व्यक्त गनुभयो । शेयरधनी महानुभावहरुले सभामा बैंकले लागु गरेको डिजिटल बैकिङ्गको भावी योजनामा समर्थन गर्नुभएकोमा खुसी व्यक्त गर्नुभयो । साथै यस साधारण सभामा विगतका वार्षिक साधारण सभामा उपस्थित भई बैंकलाई ओजस्वीपूर्ण सुझाव प्रस्तुत गर्नु हुने केहि विज्ञ आदरणीय शेयरधनी महानुभावहरु जस्तै श्री शिव प्रसाद शर्मा, श्री दामोदर प्रसाद रेग्मी, श्री महेन्दं वहादुर श्रेष्ठ, श्री डा. मनोहरकृष्ण श्रेष्ठ लगायत शेयरधनीहरुलाई स्मरण गर्दै उहाँहरुको कमीको महसुश गर्दै आगामी साधारण सभाहरुमा उहाँहरुको उपस्थितीको कामना गर्नुभयो । अन्त्यमा उहाँले आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत, छठको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुभयो ।

**११. पन्ध्रौं वार्षिक साधारण सभाका निर्णयहरु :**

(क) **साधारण प्रस्तावहरु**

१. **आ.व. २०७७/७८ को सन्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**
सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा**

**नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ३.०८७ प्रतिशतका दरले हुन आउने रु. ३८,८२,५६,८०७.२४/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।**
सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ३.०८७ प्रतिशतका दरले हुन आउने रु. ३८,८२,५६,८०७.२४/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्न प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)**

आर्थिक वर्ष २०७८।७९ को लागी वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान वमोजिम समितिलें "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि संभावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम बैंकको आर्थिक वर्ष २०७८।७९ को लेखा परीक्षण गर्न लेखापरीक्षक श्री K.K. Budhathoki & Associates, Chartered Accountants जो कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम नियुक्त गर्न योग्य देखिएको हुंदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिवृद्धि कर सहित रु. २१,७५,२५०।- (अक्षेरुपी रु. एक्काइस लाख पचहत्तर हजार दुई सय पचास मात्र) पारिश्रमिक पाउने गरी बैंकको लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063.

५. **बैंकको नियमावली अनुसार समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन गर्ने ।**

बैंकको नियमावली अनुसार ४ वर्षको कार्यकालको लागि समूह 'ख' सर्वसाधारण समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद २(दुई) को लागि श्री विजय ध्वज कार्की ज्यू-१, श्री प्रकाश चन्द्र मैनाली ज्यू-१ समेत २ जना निर्विरोध निर्वाचित हुनु भएकाले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ख) **विशेष प्रस्तावहरु**

१. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार १२.९१३ प्रतिशतका दरले हुन आउने रु.१,६२,४०,५०,८९१.१०/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार १२.९१३ प्रतिशतका दरले हुन आउने रु.१,६२,४०,५०,८९१.१०/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. (क) बैंकको प्रवन्धपत्रमा संशोधन गर्ने ।
**(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा**

बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम १२.९१३ प्रतिशत वोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएकोमा सभाले १२.९१३ प्रतिशत बोनश शेयर बापत रु. **१,६२,४०,५०,८९१/१०** बितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेकोले प्रवन्धपत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना बृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

५. बैंकको पूँजीको संरचना :

५(ख) बैंकको कुल जारी पूँजी रु. १४,२०,०९,७४,००६/- (अक्षेरुपी चौध अर्ब बीस करोड नौ लाख चौहत्तर हजार छ रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले १४,२०,०९,७४०.०६ (चौध करोड बीस लाख नौ हजार सात सय चालीस दशमलव छ) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु.

१४,२०,०९,७४,००६/- (अक्षेरुपी चौध अर्ब बीस करोड नौ लाख चौहत्तर हजार छ रुपैयाँ मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. १४,२०,०९,७४,००६/- (अक्षेरुपी चौध अर्ब बीस करोड नौ लाख चौहत्तर हजार छ रुपैयाँ मात्र) हुनेछ ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) **विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्वद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्वन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै पन्ध्रौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै साँझको ६:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

श्री राजन सिंह भण्डारी
अध्यक्ष